खोप सम्बन्धित महत्वपूर्ण जानकारी

# कक्षा ७ का खोपहरू

PublicHealth
WELLINGTON-DUFFERIN-GUELPH
*Stay Well.*

“प्रिय अभिभावकज्यू,”

वेलिङ्टन-डफरिन-गुएल्फका स्वास्थ्य कर्मचारीहरू तपाईंको छोराछोरीको विद्यालयमा आउनेछन् र उनीहरूलाई अहिले र भविष्यमा सुरक्षित राख्न मद्दत गर्ने तीनवटा नि:शुल्क र महत्वपूर्ण खोपहरू प्रदान गर्नेछन्।

स्वास्थ्य कर्मीहरू( नर्स)

**[SCHOOL NAME]** मा **[THIS DATE]** गते
आउनु हुने छ।

यी सबै खोपहरू सुरक्षित र प्रभावकारी हुनुका साथै गम्भीर रोगहरूबाट जोगाउन मद्दत गर्छन्।
खोप लगाउनका लागि तपाईंको सहमति हाम्रो लागि निकै नै महत्वपूर्ण छ। तपाईंको बच्चा र हाम्रो समुदायलाई स्वस्थ र सुरक्षित राख्न, तपाईंले सहमति दिनुहुने भन्ने आशा राख्दछौं।

## “प्रदान गरिने खोपहरू”

### 1 Meningococcal

MenC-ACYW खोपले मेनिन्जाइटिस (Meningitis) बाट जोगाउँछ । यो गम्भीर सङ्क्रमण हो जसले मस्तिष्क र मेरुदण्डलाई असर गर्न सक्छ । यो सजिलै सर्छ र ज्यानलाई खतरा पुर्‍याउन सक्छ ।

यो खोपले मेनिन्जाइटिसका चारवटा प्रमुख प्रकारहरू (A, C, Y र W135) बाट सुरक्षा प्रदान गर्छ ।

### 2 Hepatitis B

यो खोपले हेपाटाइटिस बी भाइरसका कारण हुने कलेजोको क्यान्सर र कलेजोको रोगबाट जोगाउँछ ।

यो खोप प्राय: यात्राको लागि, उच्च शिक्षा (पोस्ट-सेकेन्डरी स्कुल) मा भर्ना गर्दा, र केही कामका लागि आवश्यक वा सिफारिस गरिन्छ ।

### 3 HPV

HPV-9 खोपले टाउको, घाँटी र प्रजनन अङ्गसँग सम्बन्धित क्यान्सरहरू तथा दाद (warts) बाट जोगाउँछ।

यो खोपले HPV का नौवटा सामान्य प्रकारहरूबाट सुरक्षा दिन्छ। धेरै मानिसहरू आफ्नो जीवनको कुनै न कुनै समयमा HPV सँग सम्पर्कमा आउँछन्।

## “तपाईंले गर्नुपर्ने कुरा”

कृपया सकेसम्म चाँडै आफ्नो बच्चाका लागि अनलाइन सहमति फाराम ( consent form )भर्नुहोस्।

यसले स्वास्थ्य कर्मी (नर्स) लाई जानकारी दिन्छ कि तपाईंको बच्चाले खोप लिन सक्छ वा सक्दैन।
यदि तपाईंको बच्चाले यीमध्ये कुनै खोप पहिले नै लगाइसकेको छ भने, तपाईंले त्यो जानकारी पनि फाराममा उल्लेख गर्न सक्नुहुनेछ।

“म सहमति दिन तयार छु”

## थप जानकारी, तपाईंको भाषामा

प्रत्येक खोपबारे थप जान्नका लागि तलका तथ्यपत्र (fact sheets) हेर्नुहोस्, जुन विभिन्न भाषाहरूमा उपलब्ध छन् ।

- English
- français (French)
- አማርኛ (Amharic)
- عربي (Arabic)
- دری (Dari)
- हिन्दी (Hindi)
- नेपाली (Nepali)
- español (Spanish)
- tagalog
- ትግርኛ (Tigrinya)
- TiếngViệt (Vietnamese)

यदि तपाईंलाई कुनै प्रश्न छ वा सहमति फाराम (consent form) भर्न सहयोग चाहिन्छ भने, कृपया 1-800-265-7293 ext. 7006 मा फोन गरी स्वास्थ्य कर्मी (नर्स) सँग कुरा गर्न वा प्रत्यक्ष vetera सहयोग लिन सक्नुहुनेछ।

wdgpublichealth.ca/immunizegr7.

विद्यार्थीहरू र हाम्रो समुदायलाई स्वस्थ र सुरक्षित राख्न सहयोग गर्नुभएकोमा धन्यवाद |

**Dr. Matthew Tenenbaum,** MD, CCFP, MPH, FRCPC

**Associate Medical Officer of Health**

---

### खोप लगाउने दिन तपाईंको बच्चालाई सहज महसुस गराउन मद्दत गर्नुहोस्।

स्वास्थ्य संस्था तपाईंको बच्चाको खोप अनुभव सकेसम्म सकारात्मक होस् भन्ने चाहन्छ।
तयारीका लागि, कृपया खोप दिने दिनअघि र पछि के कुराहरू अपेक्षा गर्न सकिन्छ भन्ने बारेमा आफ्नो बच्चासँग कुरा गर्नुहोस्।

तपाईंले आफ्नो बच्चालाई शान्त, आत्मविश्वासी र कम चिन्तित महसुस गराउन CARD प्रणाली प्रयोग गर्न सक्नुहुन्छ।

CARD प्रणाली र CARD चेकलिस्टबारे थप जानकारी प्राप्त गर्नुहोस्।

**CARD** को अर्थ छ:

- C **Comfort** – मनपर्ने खेलौना ल्याउनुहोस्, आरामदायक स्वेटर लगाउनुहोस्, वा खाजा दिनुहोस्।
- A **Ask** – बच्चालाई के हुने भन्ने बारेमा प्रश्न सोध्न प्रोत्साहित गर्नुहोस्।
- R **Relax** –संगै गहिरो सास फेर्ने अभ्यास वा शान्त गर्ने विचारहरू अभ्यास गर्नुहोस्।
- D **Distract** – कुनै उपकरण प्रयोग गर्नुहोस्, पढ्नुहोस्, वा साथीहरूसँग कुरा गर्नुहोस् ताकि उनीहरूको ध्यान खोपबाट हटोस्।

# HPV खोप क्यान्सरबाट जोगाउँछ

PublicHealth WELLINGTON-DUFFERIN-GUELPH *Stay Well.*

**HPV-9 खोप १२ र १३ वर्षका सबै विद्यार्थीहरूलाई दिइनेछ। सानो उमेरमा रोगप्रतिरोधात्मक क्षमता धेरै हुने भएकाले, यही बेला नै यो खोप लगाउनु प्रभावकारी हुन्छ। यो खोप १२ कक्षासम्मका सबै विद्यार्थीहरूका लागि निःशुल्क उपलब्ध हुनेछ।**

## यो खोपले के गर्छ?

धेरैजसो मानिसहरू आफ्नो जीवनकालमा मानव प्यापिलोमा भाइरस (HPV) सँग सम्पर्कमा आउँछन्।
HPV खोपले सामान्य र उच्च-जोखिम भएका ९ प्रकारबाट जोगाउँछ।यी प्रकारहरूले निम्न स्वास्थ्य समस्या ल्याउन सक्छन्:

- **टाउको र घाँटीको क्यान्सर**
- **गर्भाशयमुख (सर्भाइकल) र योनिको क्यान्सर**
- **मलद्वारको क्यान्सर**
- **लिङ्ग (पेनिस) को क्यान्सर**
- **जननेन्द्रिय वरिपरिका दानाहरू (Genital warts)**

## विद्यालयमा HPV खोप लगाउने ३ कारणहरू

### यो काम गर्छ!

पूरा मात्रा HPV खोपले रोक्न सक्छ:

- ९०% भन्दा बढी गर्भाशयमुख (सर्भाइकल) क्यान्सर र जननेन्द्रिय वरिपरिको दानाहरू (Genital warts)।
- अधिकांश मलद्वार, योनि, भल्भा, लिङ्ग (पेनिस), मुख र घाँटीको क्यान्सर।

### यो सुरक्षित छ!

विश्वभरका करोडौं मानिसहरूले सुरक्षित रूपमा HPV खोप लगाइसकेका छन्। साइड इफेक्टहरू प्रायः हल्का हुन्छन् र यसको सुरक्षा निगरानी निरन्तर गरिन्छ ।

### यो सजिलै पाईन्छ!

तपाईंको बच्चाको विद्यालयमा नर्स आएर HPV खोप दिनेछ—अपोइन्टमेन्ट बुक गर्न वा कामबाट छुट्टी लिन आवश्यक छैन। केवल सहमति फर्म भर्नु पर्नेछ ।

## HPV खोपका फाइदाहरू



1. **क्यान्सरबाट जोगाउँछ**
2. **सम्पर्क हुनुअघि दिँदा सबैभन्दा प्रभावकारी हुन्छ**
3. **कक्षा १२ कक्षा समाप्तिसम्म निःशुल्क उपलब्ध**
4. **जननेन्द्रिय वरिपरिको दानाहरू (Genital warts) रोक्छ**
5. **दीर्घकालीन सुरक्षा प्रदान गर्छ**
6. **सुरक्षित र राम्रोसँग अध्ययन गरिएको**

## के तपाईं सहमति फारम भर्न तयार हुनुहुन्छ?

QR कोड स्क्यान गर्नुहोस् वा तलको लिंकमा जानुहोस्
wdgpublichealth.ca/Gr7Consent

स्क्यान गर्नु

## प्रश्नहरू छन्?

**1-800-265-7293 ext. 7006**
wdgpublichealth.ca/HPVfacts

# Hepatitis B खोप कलेजोको संक्रमणबाट जोगाउँछ

PublicHealth WELLINGTON-DUFFERIN-GUELPH *Stay Well.*

**हेपाटाइटिस बी खोप १२ र १३ वर्षका सबै विद्यार्थीहरूलाई दिइनेछ। सानो उमेरमा रोगप्रतिरोधात्मक क्षमता धेरै हुने भएकाले, यही बेला नै यो खोप लगाउनु प्रभावकारी हुन्छ। यो खोप १२ कक्षासम्मका सबै विद्यार्थीहरूका लागि नि:शुल्क उपलब्ध हुनेछ।**

## यो खोपले के गर्छ?

हेपाटाइटिस बी खोपले हेपाटाइटिस बी भाइरसबाट बचाउँछ, जसले कलेजोमा क्षति, कलेजोको क्यान्सर वा मृत्यु समेत गराउन सक्छ।
क्यानडामा कलेजोको क्यान्सर हुने प्रमुख कारण हेपाटाइटिस बी हो

## विद्यालयमा हेपाटाइटिस बी खोप लगाउने ३ कारण:

### यो काम गर्छ!

१०जना मध्ये १हेपाटाइटिस बी सङ्क्रमित व्यक्ति जीवनभरि यो भाइरस बोकेर बस्छन्।
दीर्घकालीन स्वास्थ्य जोखिमबाट जोगिन सबैभन्दा राम्रो उपाय खोप लगाउनु हो।
हेपाटाइटिस बी खोप अत्यन्त प्रभावकारी हुन्छ र सिफारिस गरिएको डोज दिइएमा ९८% मानिसलाई सुरक्षा प्रदान गर्छ।

### यो सुरक्षित छ!

हेपाटाइटिस बी खोपलाई ध्यानपूर्वक परीक्षण गरिएको छ र यसको सुरक्षालाई निरन्तर निगरानी गरिन्छ।
खोप लगाउँदा देखिने प्रतिक्रिया(side effect ) प्रायः हल्का मात्र हुन्छ। हेपाटाइटिस बी लाग्नु भन्दा पहिले बच्चालाई खोप लगाउनु धेरै सुरक्षित हुन्छ।

### यो सजिलै पाईन्छ!

तपाईंको बच्चाको विद्यालयमा नर्स आएर Hepatitis B खोप दिनेछ—अपोइन्टमेन्ट बुक गर्न वा कामबाट छुट्टी लिन आवश्यक छैन। केवल सहमति फर्म भर्नु पर्नेछ ।

## हेपाटाइटिस बी खोपका फाइदाहरू:



1. **कलेजोको रोग र कलेजोको क्यान्सरबाट जोगाउँछ।**
2. **संक्रमण हुनु अघि खोप दिइँदा सबैभन्दा प्रभावकारी हुन्छ।**
3. **कक्षा १२ को अन्त्यसम्म नि:शुल्क उपलब्ध।**
4. **दीर्घकालीन सुरक्षा प्रदान गर्छ।**
5. **सुरक्षित र राम्ररी अध्ययन गरिएको।**

## के तपाईं सहमति फारम भर्न तयार हुनुहुन्छ?

QR कोड स्क्यान गर्नुहोस् वा तलको लिंकमा जानुहोस्
wdgpublichealth.ca/Gr7Consent

## के तपाईंलाई कुनै प्रश्न छ?

**1-800-265-7293 ext. 7006**
wdgpublichealth.ca/HepBfacts

स्क्यान गर्नु

# MenC-ACYW खोप
# मेङ्गोकोकल रोगबाट जोगाउँछ।

**खोप १२ र १३ वर्षका सबै विद्यार्थीहरूलाई दिइनेछ। सानो उमेरमा रोगप्रतिरोधात्मक क्षमता धेरै हुने भएकाले, यही बेला नै यो खोप लगाउनु प्रभावकारी हुन्छ। यो खोप १२ कक्षासम्मका सबै विद्यार्थीहरूका लागि निःशुल्क उपलब्ध हुनेछ।**

## यो खोपले के गर्छ?

MenC-ACYW खोपले तपाईंको बच्चालाई मेङ्गोकोकल रोगबाट जोगाउँछ, जुन जीवन-खतरनाक ब्याक्टेरियल संक्रमण हो र यसले बधिरता, दौरा, मस्तिष्क क्षति, अंग हराउने वा मृत्यु समेत गराउन सक्छ।

## विद्यालयमा यो खोप लगाउने ३ कारण:

### यो काम गर्छ!

MenC-ACYW खोप मेङ्गोकोकल रोग रोक्न ८०–८५% प्रभावकारी छ।
यो खोक्दा, हाच्छ्युँ गर्दा वा जूठो खानेकुरा र पेय पदार्थ बाट सजिलै संक्रमण हुन्छ
यस रोग लागेका १०० मध्ये करिब १ जना को मृत्यु हुन्छ

### यो सुरक्षित छ!

खोपलाई ध्यानपूर्वक परीक्षण गरिएको छ र यसको सुरक्षालाई निरन्तर निगरानी गरिन्छ।
खोप लगाउँदा देखिने प्रतिक्रिया प्रायः हल्का मात्र हुन्छ।
मेङ्गोकोकल रोग लाग्नु भन्दा तपाईंको बच्चाले खोप लगाउनु धेरै सुरक्षित हुन्छ।

### यो सजिलै पाईन्छ!

तपाईंको बच्चाको विद्यालयमा नर्स आएर MenC-ACYW खोप दिनेछ—अपोइन्टमेन्ट बुक गर्न वा कामबाट छुट्टी लिन आवश्यक छैन। केवल सहमति फर्म भर्नु पर्नेछ ।

## Meningococcal खोपका फाइदाहरू:

1. एकदम गम्भीर संक्रमणबाट जोगाउँछ।
2. संक्रमण हुनु अघि दिइँदा सबैभन्दा प्रभावकारी हुन्छ।
3. कक्षा १२ को अन्त्यसम्म निःशुल्क।
4. दीर्घकालीन सुरक्षा प्रदान गर्छ।
5. सुरक्षित र राम्ररी अध्ययन गरिएको।



## के तपाईं सहमति फारम भर्न तयार हुनुहुन्छ?

QR कोड स्क्यान गर्नुहोस् वा तलको लिंकमा जानुहोस्
wdgpublichealth.ca/Gr7Consent

स्क्यान गर्नु

## के तपाईंलाई कुनै प्रश्न छ?

**1-800-265-7293 ext. 7006**
wdgpublichealth.ca/MenCfacts

PublicHealth
WELLINGTON-DUFFERIN-GUELPH
Stay Well.